# कोशी प्रदेश सरकार
# उद्योग, कृषि तथा सहकारी मन्त्रालय
# विराटनगर, नेपाल ।

**घरभाडामा लिनेसम्बन्धी सूचना**

**प्रथम पटक प्रकाशित मितिः २०८३/०५/२६**

यस **उद्योग, कृषि तथा सहकारी मन्त्रालय, कोशी प्रदेश, विराटनगर**का माननीय मन्त्रीज्यूको आवास प्रयोजनका लागि उपयुक्त घर भाडामा लिनुपर्ने भएको हुँदा देहायबमोजिमको सुविधा तथा मापदण्ड पूरा भएको घर भाडामा उपलब्ध गराउन इच्छुक घरधनी वा आधिकारिक प्रतिनिधिबाट रीतपूर्वक प्रस्ताव पेश गर्न यो सूचना प्रकाशित गरिएको छ।

**१. आवश्यक न्यूनतम सुविधा तथा मापदण्ड**

क) घर विराटनगर महानगरपालिका वडा नम्बर -३ क्षेत्रभित्र तथा आवासीय प्रयोजनका लागि उपयुक्त स्थानमा रहेको हुनुपर्नेछ।

ग) कम्तिमा ६ वटा कोठा, भान्सा, शौचालय, खानेपानी तथा विद्युत् सुविधाको व्यवस्था भएको हुनुपर्नेछ।

घ) घर परिसरमा सवारी साधन पार्किङका लागि पर्याप्त स्थान तथा सुरक्षित प्रवेश/निकासको व्यवस्था भएको हुनुपर्नेछ।

ङ) घरमा आवश्यक सुरक्षा तथा कम्पाउण्ड/घेराबारको व्यवस्था भएको हुनुपर्नेछ।

च) घरमा भौतिक अवस्था राम्रो तथा तत्काल बसोबास गर्न योग्य हुनुपर्नेछ।

छ) घरधनीले प्रस्तावमा मासिक घरभाडा रकम तथा विद्युत्, खानेपानी, फोहोरमैला व्यवस्थापनलगायतका शुल्कसम्बन्धी विवरण स्पष्ट खुलाउनुपर्नेछ।

ज) मन्त्रालयबाट आवश्यक ठहरिएमा घरको स्थलगत निरीक्षण तथा मूल्याङ्कन गर्न सकिनेछ।

**२. प्रस्तावसाथ पेश गर्नुपर्ने आवश्यक कागजपत्र**

क) घरको **स्वामित्व प्रमाणपत्र (लालपुर्जा) को प्रतिलिपि**।

ख) घरधनीको **नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि**।

ग) सम्बन्धित स्थानीय तहमा **सम्पत्ति कर तिरेको चालु आ.व.को रसिदको प्रतिलिपि**।

घ) घरको **नक्सा पास तथा निर्माण सम्पन्न प्रमाणपत्रको प्रतिलिपि**, ।

ङ) घरको **कोठा/सुविधाको विवरण**।

छ) **मासिक घरभाडा रकम स्पष्ट खुलाइएको लिखित प्रस्ताव**।

**३. प्रस्ताव पेश गर्ने अवधि**

यो सूचना प्रकाशित भएको मितिले **१५ (पन्ध्र) दिनभित्र** माथि उल्लिखित कागजपत्रसहितको प्रस्ताव यस मन्त्रालयको **जिन्सी प्रशासन शाखा, विराटनगर, कोशी प्रदेश**मा कार्यालय समयमा पेश गर्नुपर्नेछ।

**४. अन्य व्यवस्था**

प्राप्त प्रस्तावहरूमध्ये घरको स्थान, भौतिक अवस्था, उपलब्ध सुविधा, सुरक्षा, भाडादर तथा मन्त्रालयको आवश्यकता समेतका आधारमा उपयुक्त घर छनोट गरिनेछ। घरभाडा सम्बन्धी कार्य सार्वजनिक खर्च मापदण्ड तथा निर्देशिका, २०७९ तथा प्रचलित कानूनबमोजिम गरिनेछ। घरभाडा रकम तथा अन्य खर्च सम्बन्धी व्यवस्था उक्त मापदण्ड तथा निर्देशिकामा तोकिएको सीमा र प्रक्रियाबमोजिम हुनेछ।

शाखा अधिकृत